# अन्नपुर्ण गाँउपालिका

## स्थानिय राजपत्र

वर्षः १ खण्डः १ २०७७।०५।१०

भाग १

## अन्नपुर्ण गाँउपालिकाको आर्थिक ऐन २०७७

**अन्नपुर्ण गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावना :-**

**अन्नपुर्ण गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम अन्नपुर्ण गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।**

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

**(१) यस ऐनको नाम "आर्थिक ऐन २०७७" रहेको छ ।**

(२) यो ऐन २०७७ साल श्रावण १ गते देखि अन्नपुर्ण गाउँपालिका क्षेत्र भर लागु हुनेछ।

१. सम्पति कर :- गाँउपालिका क्षेत्रभित्र भित्र आवश्यक कानुन बनाई अनुसुची (१) मा तोकिए बमोजिम सम्पति तथा भुमि कर लगाउने।

२. भूमी कर (मालपोत):- गाउँपालिका क्षेत्रभित्र अनुसुची (२) बमोजिम भुमि कर ( मालपोत) लगाउने र असुल उपर गरिने छ।

३. घर बहाल कर :- गाउँपालिका क्षेत्रभित्र कुनै यक्ति वा सस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुचि (३) बमोजिमको घर जग्गा वहाल कर लगाई संकलन गरिनेछ।

४. ब्यवसाय कर :- गाउँपालिकाको क्षेत्रभित्र ब्यापार, ब्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अन्नपुर्ण गाँउपालिका उद्योग व्यवसाय दर्ता ,नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यबिधी २०७५ मा वर्गिकरण गरे अनुसार पुजीगत लगानी र आर्थिक कारोबारको आधारमा अनुसुची (४) बमोजिको व्यवसाय कर लगाउनेछ।

५. जडिबुटी, कवाडी र जीवजन्तु कर :- गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा सँस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेद गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको ब्यवसायिक कारोबार गरे वापत अनुसुचि (५) बमोजिमको कर लगाइने छ।

६. सवारी साधन शुल्क :- गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुची (९) मा उल्लेख भए बमोजिम कर लगाइने छ। साथै गाँउपालिकाले आफैले निर्माण गरेको सडकको मर्मत सम्भारको लागि कार्यविधि तयार गरी सेवा उपभोग शुल्क लिइने छ। यस सम्बन्धमा प्रदेश कानुन स्वीकृत भई सो कानुनमा ब्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

७. विज्ञापन कर :- गाउँ पालिका क्षेत्रभित्र हुने व्यवसायिक विज्ञापनहरुमा अनुसुचि (६) बमोजिम विज्ञापन कर लगाइने छ।

८. मनोरञ्जन कर :- गाउँपालिकाबाट मेला सञ्चालनको स्वीकृति एवं अनुमति लिइ गाउँपालिका क्षेत्रभित्र हुने व्यवसायिक तथा मनोरञ्नात्मक प्रकृतिका कार्यक्रम, पर्व, मेला वा महोत्सवहरु सञ्चालन गरे वापत अनुसुचि (७) बमोजिम मनोरञ्जन कर लिइने छ।

९. वहाल विटौरी शुल्क :- गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट-बजार, पसल वा अन्य कुनै प्रकारको व्यवसायिक भवन प्रयोगमा ल्याईएकोमा प्रतिस्पर्धा /वार्ताको आधारमा हुन आउने अधिकतम रकम वहाल विटौरी कर लगाइने छ।

१०. पार्किङ्ग शुल्क :– गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसुचि (८) बमाजिम पार्किङ्ग शुल्क लगाइने छ।

११. ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग शुल्क :– गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग सेवा वा ब्यवसाय सञ्चालन गर्ने व्यवसायीहरु लाइ सुचिकृत गरी शुल्क लगाइने छ।

१२. सेवा शुल्क र दस्तुर :– गाउँपालिकले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट अनुसूची (९) मा व्यवस्था भए अनुसार शुल्क लगाइने छ।

१३. पर्यटन शुल्क :–यस गाउँ पालिकाको आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुलाई पर्यटन शुल्क लगाउन उपयुक्त हुने । TIMS तथा अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना (ACAP) बाट प्राप्त हुने आम्दानीको ५० प्रतिशत लिन आवश्यक व्यवस्था गरिने छ।

१४. गाँउपालिका क्षेत्र भित्र रहेका पर्यटकिय क्षेत्र, घोरेपानी, पुनहिल, तातोपानी कुण्ड, रातापानी कुण्ड, सेकार्कु कुण्ड, खयर बराह, अन्ध गल्छी, महरे, ढाँड खर्क, बयेली लगायतका सम्भावित राजस्वका क्षेत्रहरुको पहिचान गरी प्रतिस्पर्धा/वार्ताको माध्यमबाट अनुसुची (१०) बमोजिम आन्तरिक आय संकलन गरिने छ।

१५. गाँउपालिका क्षेत्र भित्र निर्माणाधिन जलविद्युत आयोजना र सञ्चालित कसरहरुले यसै क्षेत्र भित्रको प्राकृतिक स्रोत साधनहरुको उपयोग गरेको निर्माणको कममा स्थानिय वातावरणलाइ प्रतिकुल प्रभाव परेकोले सोको संरक्षण र प्रवर्धनको लागि शुल्क लिइनेछ।

१६. कर छुट :–कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई प्रचलित कानुनले तोकेको कर छुट बाहेक अन्य अवस्थामा कर छुट दिइने छैन । तर अशक्त,अपाङ्ग, आर्थिक तथा विपन्न वर्गको सहायताको लागि गरिने सिफारिस,उपभोक्ता समिति, टोल सुधार समितिको लागि गरिने सिफारिस, विपदको लागि सहायता माग गर्दा गरिने सिफारिस, कृषि र पशु व्यवसाय सञ्चालनकको सम्बन्धमा गरिने सिफारिसहरु निशुल्क गरिनेछ।

**१७. कर तथा शुल्क सङ्कलन सम्वन्धि कार्यविधि :–**

**कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने ।**

अनुसुची (१)

दफा (१) सँग सम्बन्धित

सम्पत्तिकर

| सि न | मुल्यांकन विवरण | प्रस्तावित करका दर | कैफियत |
|---|---|---|---|
| | घर जग्गाको मुल्यांकन | | |
| १ | रु १० लाख सम्मको | रु २०० | एकमुष्ठ |
| २ | रु १००००01 देखि रु २५ लाख सम्म | रु ५०० | एक मुष्ठ |
| ३ | रु २५०००01 देखि ४० लाख सम्म | रु १००० | एकमुष्ठ |
| ४ | ४०००००१ देखि ६० लाख सम्म | रु १५०० | एकमुष्ठ |
| ५ | ६०००००१ देखि १ करोड सम्म | रु ५००० | एकमुष्ठ |
| ६ | १ करोड भन्दा माथि | रु १०००० | एकमुष्ठ |

घरको संरचनाको मुल्यांकन देहाय अनुसार गर्ने

आर सि सि घर व्यवसायिक प्रयोजको लागि रु १०००

आर सि सि घर आवासिय प्रयोजको लागि रु ५००

कर निर्धाण निम्न अनुसार प्रस्ताव गरिएको छ ।

| सि न | मुल्यांकन विवरण | प्रस्तावित कर | कैफियत |
|---|---|---|---|
| | जग्गाको निम्न मुल्यांकनमा | | |
| १ | रु १ देखि ५ लाख सम्मको | रु ५० | एकमुष्ठ |
| २ | रु ५ लाख देखि १० लाख सम्म | रु १०० | एकमुष्ठ |
| ३ | रु १० लाख भन्दा माथि २५ लाख सम्म | रु १५० | एकमुष्ठ |
| ४ | २५ लाख देखि १ करोड सम्म | रु २०० | एकमुष्ठ |
| ५ | १ करोड देखि माथी | रु ३०० | एकमुष्ठ |

अनुसुची (२)

दफा (२) सँग सम्बन्धित

५ रोपनी सम्मको न्युनतम रकम रु.३०। मात्र ।

**सो भन्दा माथि प्रति रोपनी थप रकम रु.७ ।-**

**सम्पति कर लगाएको अवस्थामा भुमि कर (मालपोत) लगाइने छैन ।**

**अनुसुची (३)**

**दफा (३) सँग सम्बन्धीत**

**घर भाडा दर निर्धारण गरी हुन आउने रकमको १० प्रतिशत कर लाग्ने ।**

**अनुसुचि (४)**

**दफा (४) सँग सम्बन्धित**

**क बर्ग -२०,०००।-**

**ख बर्ग- १०,०००।-**

**ग बर्ग -५,०००।-**

**घ बर्ग - २,०००।-**

**ङ वर्ग_ १०००।_**

**एक पटक दर्ता/ सुचिकृत भएका व्यापार, व्यवसाय नविकरण गर्दा तपशिल अनुसार राजस्व लिइने छ ।**

क वर्गको लागि १०००।

ख र ग वर्गको लागि ५००।

घ र ङ वर्गको लागि २००।

नोट १ आ. व. वा सो भन्दा बढी समय नविकरण विलम्ब गर्नेलाई नविकरण दस्तुर सरहकै थप विलम्ब शुल्क लिइने छ।

**गाँउपालिकामा सुचिकृत नभइ अन्यत्रबाट दैनिक रुपमा व्यापार, व्यवसाय गर्ने व्यापारीहरुलाइ समेत गाँउपालिकामा सुचिकृत गरेर मात्र व्यवसाय गर्न अनुमति प्रदान गरिनेछ ।**

**अनुसुचि (५)**

**दफा (५) सँग सम्बन्धित**

**कवाडी कर प्रति पटक प्रति ट्रिप रु २०००**

**जडिबुटी र जिवजन्तु कर गाँउसभाले तोकेबमोजिम हुनेछ ।**

**अनुसुचि (६)**

**दफा (७) सँग सम्बन्धित**

- स्थानीय स्तरको उत्पादन/कार्यक्रमको विज्ञापनमा प्रति वर्गफिट रु.१५ का दरले लिइने छ।
- राष्ट्रिय वा ठूलो उत्पदान/कार्यक्रमको विज्ञापनमा प्रति वर्गफिट रु.५० का दरले लिइने छ।

## अनुसुचि (७)
## दफा (८) सँग सम्बन्धित

प्रति मेला एकमुस्ट रु १०,००० रुपैया लिइने छ। मनोरञ्जन कर सम्बन्धमा प्रदेश सरकारबाट अन्य व्यवस्था भएमा सोही बमोजिम हुने।

## अनुसुचि (८) दफा (१०) सँग सम्बन्धित

| सि न | विवरण | प्रस्तावित करको दर | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाइकल | रु ५ | |
| २ | कार, जिप भ्यान | रु २० | |
| ३ | अन्य ठुला सवारी साधन | रु ५० | |

## अनुसूची (९)

## दफा (६) र (१२) सँग सम्बन्धित

| सि. नं. | सिफारिसको विवरण | आ.व.०७७।०७८ को लागि प्रस्तावित सेवा शुल्क तथा सिफारिस दस्तुर दर रु. |
|---|---|---|
| १ | नागरिकता सिफारिस (पहिलो पटक) | निशुल्क |
| २ | नेपाली पुरुषसंग विवाह गर्ने विदेशि महिलाको नागरिकता सिफारिस | ५०० |
| ३ | नागरिकताको प्रतिलिपि सिफारिस , दुइ नाम थर प्रमाणित सिफारिस , जन्म मिति प्रमाणित ,स्थाई वा अस्थाई बसोबास सम्बन्धी सिफारिस ,घर जग्गा नामसरी सिफारिस,नाता प्रमाणित प्रमाण पत्र सिफारिस,फुकुवा सिफारिस , पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस हकवाला संरक्षण सिफारिस बिबाहित वा अविवाहित प्रमाणिकरण सिफारिस नक्कल प्रमाणित शुल्क , मिलापत्र दस्तुर | २०० |
| ४ | विद्युत सिफारिस (थ्रिफेज) | १००० |
| ५ | सम्बन्ध विच्छेद सिफारिस | ५०० |
| ६ | व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति | ५०० |
| ७ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | २०० |
| ८ | घर निर्माण अनुमति सिफारिस | ३०० |
| ९ | घर निर्माण सम्पन्न सिफारिस (आर.सि.सि.) | १००० |
| १० | घर निर्माण सम्पन्न सिफारिस (कच्ची घर) | ३०० |
| ११ | नावालक परिचयपत्र सिफारिस विभिन्न दलित, जनजाति तथा थर प्रमाणित नावालक परिचयपत्र सिफारिस, पारिवारिक विवरण प्रमाणित | २०० |
| १२ | परिक्षा आवेदन दस्तुर:<br>अधिकृत स्तर:<br>सहायक पाचौ स्तर:<br>सहायक चौथो स्तर:<br>श्रेणी विहिन र अन्य | रु १०००<br>रु ८००<br>रु ६००<br>रु ४०० |
| १३ | खानेपानी सम्वन्धि सिफारिस | २०० |
| १४ | उद्योग सिफारिस | १००० |
| १५ | निजी विद्यालय संचालन तथा कक्षा थप अनुमतिको सिफारिस<br>पुर्व प्रा वि | २००० |
| १६ | चारकिल्ला प्रमाणित, ग्रामीण क्षेत्रका घरबाटो सिफारिस, ब्यवसाय दर्ता सिफारिस,घर बाटो प्रमाणित,घर कायम र घर पातल सिफारिस, मन्जुरीनामा प्रमाणित, हकवाला वा हकदार प्रमाणित | २०० |
| १७ | बजार क्षेत्रका घरबाटो सिफारिस | ३०० |
| १८ | क.संस्था दर्ता/सुचिकृत सिफारिस | १००० |

| | | |
|---|---|---|
| १९ | ख.संस्था नबिकरण | ५०० |
| २० | आर्थिक अवस्था बलियो वा सम्पन्नता सिफारिस | ५०० |
| २१ | वैदेशिक प्रयोजनका लागि अंग्रेजी भाषामा गरिने सबै प्रकारका सिफारिस | ५०० |
| २२ | सम्पत्ति मुल्याङ्कन वैदेशिकि प्रयोजन | प्रति लाख रु ५० |
| २३ | सम्पत्ति तथा धितो मुल्याङ्कन व्यवसायिक प्रयोजन १० लाख सम्म रु ३००। ,२० लाख सम्म रु ५००। र सो भन्दा माथि जतिसुकै भएपनि ८००। | |
| २४ | वार्षिक आय प्रमाणित | प्रति लाख १ सय प्रति वर्ष |
| २५ | 'घ' बर्गको निर्माण व्यवसाय दर्ता | २०,००० |
| २६ | 'घ' बर्गको निर्माण व्यवसाय नबिकरण | २,००० |
| ढुवानीका साधन तथा सार्वजनिक यातायातका साधन समेतको हेवी इक्युप्मेन्टका साधनहरुको दर्ताको लागि बार्षिक रुपमा एकमुष्ट करका दरहरु | | |
| २७ | ट्रयाक्टर | १०,००० |
| २८ | जिप | ८,००० |
| २९ | ट्याक्सी | ६,००० |
| ३० | बस | १०,००० |
| ३१ | ब्याकलोडर | १०,००० |
| ३२ | ट्रक | १२००० |
| ३३ | ट्रीपर | १०,००० |
| ३५ | एक्साभेटर | २०,००० |
| ३५ | मोटरसाईकल | ५०० |
| ३६ | बिद्युतीय पोल प्रयोग गरे वापत प्रति पोल बार्षिक रुपमा | ५० |
| ३७ | रा. गैसस संस्था अनुमति | ५,००० |
| ३८ | अ. गैसस अनुमति | २०,००० |
| ३९ | केबुल/ईन्टरनेट संचालन अनुमति | २०,००० |
| ४० | १०० किलोवाट माथिका १ मेगावाटसम्म बिद्युत सिफारिस | ५०,००० |
| ४१ | उपभोक्ता समिति / निजि क्षेत्रबाट संचालन हुने बिद्युत सिफारिस | १०,००० |
| ४२ | चरन खर्क उपयोग दर्ता सिफारिस | ५०० |
| ४३ | स्थानीय रेडियो एफ.एम. सञ्चालन अनुमति/नबिकरण | २००००/५००० |
| ४४ | बचत तथा ऋण सहकारी नविकरण | सहकारी ऐन बमोजिम हुने |

| | | |
|---|---|---|
| ४५ | बिषयगत सहकारी संस्थाको दर्ता,अनुमति | २०० |
| ४६ | प्राकृतिक खानीजन्य बस्तुको बिक्रि तथा निकासी प्रति ट्रक ट्रयाक्टर | २०००/५०० |
| ४७ | ढुंगा,गिट्टी,बालुवा,नुन,माटो,खरीढुंगा तथा स्लेट जस्ता खानीजन्य बस्तुको सर्भेक्षण,उत्खनन तथा उपयोग दर्ता अनुमति सिफारिस, नबिकरण | २०००० |
| ४८ | जनरल अस्पताल,नसिंड.होम,निदान केन्द्र,स्वास्थ्य संस्थाहरुको लिकनीक दर्ता,अनुमति | २०००० |
| ४९<br>५० | इन्टरनेट सेवा,केबुल संचालन नबिकरण<br>माथि उल्लेखित बाहेकका किसिमका सिफारिस एवं प्रमाणित | २०००<br>२०० |
| ५१ | पुन हिलमा प्रवेश शुल्क | नेपालीको लागि रु ५० विदेशी पर्यटकको लागि रु १०० |
| ५२ | तातोपानी कुण्डमा प्रवेश शुल्क | नेपालीको लागि रु ५० विदेशी पर्यटकको लागि रु १५० |

गाँउपालिका क्षेत्र भन्दा बाहिरबाट मालसामान बिक्री गर्न आउने सवारी साधनलाइ निम्न अनुसारको पटके शुल्क लिने

ट्रक, लहरी अन्य हेवी गाडीको लागि रु १५००।
जिप भ्यान टयाक्टरको लागि रु १०००।

व्यक्तिगत घटना तर्फ

| सि न | विवरण | प्रस्तावित दर | कैफीयत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | जन्म दर्ता | ५० | |
| २ | मृत्यु दर्ता | ५० | |
| ३ | बिबाह दर्ता | ५० | |
| ४ | बसाइसराइ दर्ता | ५० | आएको/गएको |
| ५ | सम्बन्ध बिच्छेद | ५० | |
| ६ | प्रतिलिपी सबै घटनाको | ५० | |

नोटः घटना घटेको ३५ दिनभित्र निशुल्क र त्यसपछि जतिसुकै दिन भए पनि रु ५० ।

नक्सा पास दस्तुरः

| सि न | विवरण | प्रस्तावित कर | कैफियत |
|---|---|---|---|
| आर सि सि घर | | | नक्सा अनिवार्य पेश गर्नु पर्ने |
| २ | भुइ तला र पहिलो तलामा प्रति वर्ग फिट | रु ४ | |
| ३ | दोस्रो र तेस्रो तलामा प्रति वर्ग फिट | रु ५ | |
| ४ | तेस्रो तला भन्दा माथि प्रति वर्ग फिट | रु ६ | |
| ५ | कच्ची घर (अस्थायी निर्माण इजाजत पत्र अनिवार्य लिनु पर्ने ) | रु २५० | |
| अस्थायी छाप्रो | | | |
| ७ | ५०० वर्ग फिट सम्मको | रु ८०० | एकमुष्ठ |
| ८ | ५०० वर्ग फिट भन्दा माथि | रु १.५० को दरले | |
| ९ | पर्खालको प्रति वर्ग फिट | रु ०.३ को दरले | |
| १० | नक्सा पास निवेदन | | |
| ११ | अस्थायी छाप्रो | रु १०० | |
| १२ | कच्ची घर | रु २०० | |
| १३ | आर सि सि | रु ३०० | |
| | नक्सा नियमित | | |

नोटः नक्सा पास फाराम शुल्क रु ५०० लाग्ने छ।
नक्सा नियमित प्रति वर्ग फिट रु २

## अनुसूची (१०)
## दफा (१४)सँग सम्बन्धित

आय ठेक्का सम्बन्धमा

| सि न | विवरण | स्थान | आ व०७६।७७ मा कायम गर्न सिफारिस गर्नु पर्ने न्युनतम आय ठेक्का अंक |
|---|---|---|---|
| १ | पुनहिलमा क्यान्टिन सञ्चालन र प्रवेश शुल्क संकलन | अनन्पुर्ण गा. पा. ६ पुनहिल | १५ लाख |
| २ | तातोपानी कुण्डमा क्यान्टिन सञ्चालन र प्रवेश शुल्क संकलन | अन्नपुर्ण गा. पा. २ तातोपानी | १५ लाख |
| ३ | रातोपानी कुण्डमा प्रवेश शुल्क संकलन | अन्नपुरेण गा. पा. ६ पोखरेबगर | १ लाख पचास हजार |
| ४ | पाउद्‌वार कुण्डमा प्रवेश शुल्क संकलन | अन्नपुर्ण गा. पा. ५ शिख | १ लाख पचास हजार |
| ५ | सेकार्कु तातेपानी कुण्ड | | पचास हजार |
| ६ | ढुँगा गिटी बालुवा संकल तथा बिक्री वितरण | गाँउपालिका क्षेत्रभित्र | IEE प्रतिवेदन अनुसार । |
| ७ | पुङदी खोलाको मुलको पानी उपयोग गरेबापत | अन्नपुर्ण गा. पा. ८ | ५ पाँच लाख |

महरे ढाडखर्क वयेली लगायतका स्थानहरुमा सञ्चालित होटलहरुबाट प्रति होटल रु ३०,०००। का दरले व्यवसाय कर लिइने छ ।

**यसका साथै उल्लेखित कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाइ कुनै किसिमको कर छुट दिन नहुने तथा अन्य कर तथा शुल्क संकलन सम्बन्धि निश्चित ऐन-नियम,कार्यविधि तथा कानूनी प्रकृया पुरा गरी गाउँ पालिकाले तोके बमोजिम निर्धारण गरी लागू गरिने छ।**

**माथि उल्लेखित सेवा-शुल्क,दस्तुर तथा कर मार्फत आर्थिक वर्ष २०७७/०७८ को आन्तरिक राजश्व तथा अनुदान प्राप्तीको अनुमानित विवरण तपशिल अनुसार हुने।**

| शिर्षक | आ.व.२०७७/०७८ |
|---|---|
| आन्तरिक राजश्व | |
| सम्पत्ती कर | ० |
| घर बहाल कर | ३,००,०००। |
| दस्तुर(स्थानीय तहबाट हुने सिफारिस लगायतका) | १०,००,०००। |
| बिज्ञापन शुल्क | ५,०००। |
| व्यवसाय दर्ता एवं नविकरण | ५०,०००। |

| | |
|---|---|
| **भूमिकर(मालपोत)** | २,००,०००। |
| **दण्ड जरिवाना** | ५,०००। |
| **मनोरन्जन कर** | ८०,०००। |
| **बहाल बिटौरी कर** | २,००,०००। |
| **ढुँगा गिटी बालुवा दहत्तर बहत्तर संकलन** | १०,००,०००। |
| **पर्यटकिय क्षेत्र घोरेपानी, पुनहिल, तातोपानी कुण्ड, रातोपानी कुण्ड,सेकार्कु कुण्ड, पाउद्वार तातोपानी कुण्ड खयर बराह, अन्ध गल्छी, महरे, ढाँड खर्क, बयेली लगायतका सम्भावित क्षेत्रबाट राजस्वको संकलन** | ४०,००,०००। |
| **कूल जम्मा** | ६८,४०,०००। |

**नोटः- राजश्वका शिर्षकहरु नेपाल सरकारले तोक बमोजिम हुने र स्थानीय तहका राजश्व शिर्षकहरु नतोकिए सम्म यसै बमोजिम हुने ।**

प्रमाणिकरण मितिः२०७७|०३|१०

राजपत्रमा प्रकाशन मितिः २०७७|०५|१०

आज्ञाले,

नविन सुवेदी

प्रमुख प्रशासकिय अधिकृत